मार्मा गाउँपालिका राजपत्र

खण्डः१ संख्याः८ मितिः२०७४/१२/११

भागः२

आर्थिक सहायता (वितरण ब्यबस्थापक) कार्यविधि २०७४

मार्मा गाउँपालिका

लटिनाथ दार्चुला

सुदूरपश्चिम प्रदेश नेपाल

आर्थिक सहायता (वितरण ब्यबस्थापक) कार्यविधि २०७४

<u>प्रस्तावनाः</u>

गाउँपालिकाबाट गर्नु पर्ने आर्थक सहायता विवरण कार्यलाइ नियमित ब्यबस्थित तथा पारदर्शी बनाउने सम्बन्धमा कार्य विधि ब्यवस्थापन गर्न

वाञ्छनीय भएकोले मार्मा गाउँपालिकाले मार्माको आर्थिक कार्य विधि नियमित गर्ने ऐन २०७४ को दफा ३१ बमोजिम यो कार्य विधिलाइ लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्य विधिको नाम आर्थिक सहायता कार्यविधि २०७४ रहेको छ ।यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा र ब्याख्याः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"गाउँपालिका"** भन्नाले मार्मा गाउँपालिका सम्झनु पर्छ ।

ख) **" प्रमुख"** भन्नाले यस गाउँपालिकको प्रमुख सम्झनु पर्छ ।

ग) **"उप प्रमुख "** भन्नाले यस गाउँपालिकाको उप प्रमुख सम्झनु पर्छ ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** अधिकृत भन्नाले यस कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनु पर्छ ।

ङ) **"आर्थिक सहायता"** भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने आर्थिक सहायता सम्झनुपर्छ ।

च) **"वडा समिति"** भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्छ ।

छ) **" सभा"** भन्नाले यस गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

३ आर्थिक सहायताको लक्षित वर्ग तथा क्षेत्रहरुः यस गाउँपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायताको लक्षित वर्ग तथा संभाव्य क्षेत्रहरु देहायबमोजिम हुनेछन ।

क) आर्थिक रुपमा ज्यादै जोखिममा रहेका व्यक्ती वा समूह

ख) मानवीय हित कल्याण वा संरक्षणको दृष्टिले सहायता गर्नुपर्ने भनी पहिचान भएका ब्यकति वा समुह ।

ग) गाउँपिका क्षेत्र भित्रका विपन्न नागरिकको कल्याण विकास वा उन्नतिको लागी गैर्हनाफामूलक किसिमले सञ्चालन गिरने सामाजिक क्रियाकलापहरुमा संलग्न सामुदायिक समूह संघ संगठन

घ) उपर्युक्त आधारहरुमा समेत मध्यनजर गर्दै आर्थिक सहायता प्रदान गरेन अति आवश्यक भनी गाउँपलाकाको बैठकबाट सर्व सम्मत

रुपमा निर्णय गरिए बमोजिमका लक्षित व्यक्ति वर्ग वा गैह्रनाफामुलक समुह संघ संगठन ।

४ आर्थिक सहायता वितरण प्रकृयाः

१. आर्थिक सहायता पाउन योग्य लक्षित वर्ग समूह वा संगठनले सम्बन्धित वडा कार्यलयको सिफारिसमा तोकिउ बमोजिमको ढाँचामा सो सहायता पाउनु पर्ने अधारमा प्रमाण र कारण खुलाइ गाउँकार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्ने छ ।

२. आर्थिक सहायता र सो को प्रकृया देहाय बमोजिम हुनेछः-

क) रु १००००/- (दश हजार) सम्मको आर्थिक सहायता सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउँकार्यपालिको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ ।

ख) रु २५०००/-(पच्चीस हजार) सम्मको आर्थिक सहायता गाउँपालिकाको प्रमुखले सम्बन्धित वडा कार्यालयको सिफारिसमा उपलब्ध गराउन सकिनेछ ।

ग) रु २५००० (पच्चीस हजार) भन्दा माथि रु १ लाख सम्मको आर्थिक सहायता गाउँपालिकाको बैठक बाट निर्णय गराएर मात्र दिनुपर्नेछ ।

५. प्रतिवेदन पेश गर्नु पर्नेः

१. यस गाउँकार्यपालिकाको कार्यालयबाट त्रैमासिक रुपमा वितरण भएका आर्थिक सहायताहरुको एकम्ष्ट वितरण प्रतिवेदन प्रमुख प्रशासकिय अधकृतले कार्यपालिको बैठकमा पेश गरी स्वीकृत गराउनु पर्नेछ ।

२. उक्त प्रतीवेदनमा आवश्यक ठहरिएका गाउँकार्यपालिकाले वितरित आर्थिक सहायताको सदुपयोग भए

नभएको सम्बन्धमा स्थलगत अनुगमन प्रतीवेदन समेत राख्न आवश्यक निर्देशन गर्न सक्नेछ ।

६. आर्थिक सहायता वितरणका पूर्व शर्तः १) यस कार्यविधिबमोजिम आर्थिक सहायता उपलब्ध हुने ब्यक्ती तथा सामुदायिक संस्था संघ वा संगठनको लागि देहाय बमोजिम हुनुपर्नेछ ।

क) यस कार्यविधिमा तोकिएकी मापदण्ड पूरा भै गाउँपालिकाको पेश्की नभएको

ख) गाउँपालिकालाइ नियमानार तिर्नु पर्ने कर महशुल सेवा शुल्क आदि तिरेको

ग) संगठित संस्थाको हकमा कर चुक्ता प्रमाण पत्र प्राप्त गरेको

घ) नेपाल सरकारको कुनै नियमाविधिपुर्वक दर्ता भएको वा गाउँपालिका भित्र स्थापना भएको संगठित संघ संस्था वा समुहको हकमा नियमानार यस गाउँपालिकामा दर्ता भएको

ङ) बार्षिक लेखा परीक्षणको ब्यबस्था भै आधिकारिक निकायबाट सो अनुसार लेखा परीक्षण गरेको

७. प्राप्तआर्थिक सहायताको तोकिएको प्रयोजनमा खर्च गर्नु पर्नेः यस गाउँपालिकाबाट जुन प्रयोजनका लागी जे जति रकम आर्थिक सहायताको रुपमा प्राप्त गरेको हो सोही पर्योजनकालागी सो रकम खर्च गरेको हुनुपर्नेछ र सो को आधिकारिक प्रमाण कागजात गाउँपालिकाको कार्यालयकों लेखा शाखामा पेश गर्नु पर्ने छ ।

८. स्थलगत अनुगमन समितिः यस गाउँपालिकाबाट वितरण भएका आर्थिक सहायताको प्रभावकारी उपयोग सम्बन्धमा स्थलगत रुपमा अध्यन अवलोकन गरी गाउँकार्यपालिकाको कार्यालयमा प्रतीवेदन पेश गर्न देहायको एक समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँकार्यपालिकाको कार्यालयको अधिकृत स्तरकव कर्मचारी –संयोजक

ख) आर्थिक सहायता प्रदान गरिएको बिषयसंग सम्बन्धित क्षेत्र हेर्ने संयोजक सदस्य

ग) प्रशासन शाखाको प्रमुख -   सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ङ) ईन्जिनियर वा सब ईन्जिनियर मध्ये बाट १ जना -   सदस्य

९. यसै कार्यविधि बमोजिम गरेको मानिनेः यस अघि यस गाउँपालिकाबाट प्रदान गिरएका आर्थिक सहायता समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

१०. कार्यिविधिको व्याख्या संशोधन तथा अनुसुची थपघटः यस कार्यविधिको आवश्यक ब्याख्या संशोधन तथा अनुसुची थपघट गाउँपालिकाले गर्नेछ ।

अनुसुची १ व्यक्तीको हकमा

बुदा नं. ४ संग सम्बन्धित

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

मार्मा गाउँपालिका कार्यपलिकाको कार्यालय
लटिनाथ दार्चुला
बिषयः आर्थिक सहायता उपललब्ध गराइ पाउँ ।

महोदय

प्रस्तुत बिषयमा
....
....
....
.... स्थाही ठेगाना भएको
मलाई
....
....
.... गर्नु
पर्ने भएकोले सोका लागी मेरो आर्थिक अवस्था
अत्यन्त कमजोर रहेकाले
....
....
.. का लागी रु
....
.... (अक्षररुपी
....
..........) उपलब्ध गराईदिन हुन
तपशीलको प्रमाण पत्र कागजात संलग्न राखी यो
निवेदन पेश गरेको छु । साथै मेरो यस
गाउँपालिकासंग सम्बन्धित बुझाउनु वा फर्छयौट
गर्नुपर्ने कर महशुल बक्यौता वा पेश्की बेरुज

बाँकी नरहेको जानकारी गराउदै प्राप्त सहयोग रकम जुन कामकालागी प्राप्त गरेको हो सोही प्रयोजनकालागी खर्च गर्ने सो नगरेको पाइएमा जुन सुकै कारवाही सजाय जरीवाना सहन भोग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ ।

भवदीय

दस्तखतः
नाम थरः
स्थायी ठेगानाः
सम्पर्क मो नः

तपशील

१ नेपाली नागरिकताको पर्माण पत्रको प्रतीलिपी १ थान
२ संगठित संस्थाको शकमादर्ता तथा करच्कुता प्रमाणपत्रको प्रतीलिपी
३ सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनु पर्ने कारण आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।
अनुसूची १ कसंगिठत संस्थाको हकमा
(वुँदा नं ४.१ संग सम्बन्धि)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

मार्मा गाउँपालिका कार्यपालिकाको कार्यालय
लटिनाथ दार्चुला ।

बिषयः आर्थिक सहायता उपलब्ध गराई दिन हुन ।

प्रस्तुत बिषयमा .... ठेगाना रहेको ....संस्था/समूह/संघलाई ....…………………… गर्नु पर्ने भएकाले संस्था समूह संघबाट विनियउजित रकम अपुग भएकोले सो पर्योजनकालागी रु ....(अक्षर रुपी ....) उपलब्ध गराईदिन हुन तपपशीलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरिएको छ । यस संस्थाको यस गाउँपकालिका संग सम्बन्धत तिर्नु बुझाउनु वा पछ्यौट गर्नु पर्ने कर महशुल बक्यौता वा पेश्की बेरुज बाँकी नरहेको नियमानुसार गाउँपालिकाको कार्यालय वा प्रदेश केन्द सरकारले आधाकारिक निकायमा दर्ता भएको अवगत गराउदै प्राप्त सहयोग रकम जुन काम प्रयोजनकालागी प्राप्त गरेको हो सोही प्रयोजनकालागी खर्च गरिने ब्यहोरा समेत अनुरोध छ ।

संगठित संस्थाको लागी तर्फबाट
अध्यक्ष वा प्रमुखको नाम थरः
संस्थाको ठेगानाः
सम्पर्क नम्बरः

तपशील

१ नेपाली नागरिकताको पर्माण पत्रको प्रतिलितपी १ थान
२ संगठित संस्थाको हकमा दर्ता तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी १ थान

३ सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनु पर्ने कारण आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।

अनुसूची २

(**वुँदा नं छ संग सम्बन्धित**)

क्र.स.	सहायता पाउने ब्यक्तीको नाम थर	ठेगाना	सम्पर्क नं	सहायता लिएको रकम	प्रयोजन	संस्थाको हकमा भए सो संस्थाको प्रमुख ब्यक्ती र सम्पर्क नम्कर
१						
२						
३						
४						
५						
६						
७						
८						
९						
१०						
११						

आज्ञाले

तारानाथ पनेरु

प्रमुख प्रशासकीय अधिकृत